नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२


यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ०५ गते आइतवार // मृत भस्म नबन्दैमा भिक्ल्को भैकन बल्नुछ // 2021 November 21 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ८५

## मधेसमा माओवादीको लोकप्रियता बढेको छ –प्रचण्ड

प्रस, रौतहट, ४ मङ्सिर/

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मधेसी अधिकारको लागि लडेको कारण माओवादीको लोकप्रियता मधेसमा बढेको दाबी गरेका छन् ।




रौतहटको कटहरिया नगरपालिकामा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले प्रदेश नं २ मा माओवादी एक नम्बरको पार्टी हुने दाबी गरे ।

उनले माओवादीले सङ्घीयता छोडेको भनेर झूटको प्रचार गर्नेहरूले आउँदो चुनावमा त्यसको परिणाम भोग्नुपर्ने बताए ।

उनले गरुडास्थित श्रीराम सुगरमिल सञ्चालनको लागि पहल गर्ने आश्वासन दिए । साथै अध्यक्ष प्रचण्डले कटहरिया नगरपालिकामा मालपोत कार्यालय, कृषि विकास बैंकसहितका सरकारी कार्यालयहरू स्थापना गराउने आश्वासन पनि दिए । उनले लालबकैया, वाग्मती नदीहरूको कारण स्थानीयले बेहोर्दै आएको क्षति न्यूनीकरणका लागि नदी नियन्त्रणका लागि अभियान सञ्चालन गराउने बताए । आफ्नै पार्टीको मन्त्रालय अन्तर्गत रहेकोले यो कार्यक्रम चाँडै सम्पन्न गराउने प्रतिबद्धता जाहेर गरे ।

## वीरगंज महानगरपालिकामा खोप भण्डार कक्ष स्थापना

प्रस, वीरगंज, ४ मङ्सिर/

वीरगंज महानगरपालिकाकामा खोप भण्डार कक्ष स्थापना भएको छ ।




बालबालिकाहरूलाई लगाइने नियमित खोप तथा कोभिडविरुद्धको खोप भण्डारणका लागि महानगरपालिकाले खोप भण्डार कक्षको स्थापना गरेको हो ।

खोप भण्डार कक्षको नगरप्रमुख विजयकुमार सरावगीले शनिवार उद्घाटन गर्दै स्थान अभावले आवश्यक खोपको मात्रा वीरगंजभन्दा बाहिर नै भण्डारण गर्नुपर्ने अवस्थाले वीरगंजमा समयमा खोप नपाउने समस्या भोग्दै आएका वीरगंज महानगरवासीले आगामी दिनमा भण्डारण अभावले खोप नपाउने समस्याबाट मुक्ति पाउने दाबी गरे ।

खोप भण्डार कक्ष स्थापनासँगै महानगरवासीलाई आवश्यक पर्ने खोप राख्न मिल्ने चेन कोल्ड सबस्टोर स्थापना गरेको र महानगरका बालबालिकालाई लगाइने नियमित खोप तथा कोभिडविरुद्धको खोपको पनि अभाव नहुने नगरप्रमुख सरावगीले बताए ।

चेन कोल्ड सबस्टोर स्थापनाले महानगरपालिकामा खोप सहजरूपमा पाउन सकिने नगरप्रमुख सरावगीको भनाइ छ ।

वीरगंज महानगरपालिकाले पाँच लाख रुपैयाँको खोप चीसो बनाइराख्ने रेफ्रिजेरेटर (आइएलआर), प्रदेश सरकार र जिल्ला स्वास्थ्य कार्यालबाट पनि खोप चीसो राख्ने रेफ्रिजेरेटर, एक सयवटा आइस्प्याक फ्रिजर, १६ वटा खोप बोक्ने भ्याक्सिन क्यारियर, सातवटा कोल्ड बक्स र दुईवटा धेरै खोप बोक्न मिल्ने (लक्जम्बर्ग)लगायतका उपकरणहरू महानगरपालिकामा उपलब्ध भएको स्वास्थ्य संयोजक रितेश जयसवालले जानकारी गराए ।

## प्रभात काव्य–यात्रा सम्पन्न

प्रस, वीरगंज, ४ मङ्सिर/

साहित्यकार गणेश लाठको वीरगंज–१० आदर्शनगरस्थित घरमा शनिवार प्रभात काव्य–यात्रा सम्पन्न भएको छ ।




लाठको अध्यक्षतामा भएको प्रभात काव्य–यात्रामा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले प्रभात काव्य–यात्रालाई अगाडि बढाउन सुझाव दिएका थिए । उनले कोरोना सङ्क्रमणमा काव्य–यात्राको केही संस्करण स्थगन भएको थियो भने अबका दिनमा निरन्तरता दिने आग्रह गरे । कार्यक्रममा सहभागीहरूले वीरगंजको साहित्यिक गतिविधिलाई उकास्ने माहोल निर्माण गर्ने सुझाएका थिए । पहिलेका दिनमा वीरगंजका साहित्यिक क्षेत्र प्रभावकारी भएपनि अहिले यो क्षेत्रको समुचित विकास हुन नसकेको भन्दै यसको विकासका लागि सबैको सहकार्य हुनुपर्ने बताएका थिए ।

प्रभात काव्य–यात्रामा अमेरिकी नागरिक क्रिस्टिनासहित दिलीपराज कार्की, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, रितेश त्रिपाठी, सुरेश बिडारी, गणेश लाठ, सीताराम पटेल, गीता भण्डारी, अजमत अली, शोभाकान्त झाले नेपाली, भोजपुरी, मैथली, उर्दूमा आआफ्नो रचना वाचन गरेका थिए ।

आगामी प्रभात काव्य–यात्रा मङ्सिर २५ गते प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेको निवासमा हुने बताइएको छ ।

## नेतृत्व चयन गर्न नसक्दा कार्यकर्ता निराश

प्रस, निजगढ, ४ मङ्सिर/

नेपाल कम्युनिस्ट पार्टी एमाले निजगढ नगर कमिटीको शुक्रवार प्रथम नगर अधिवेशनमा नेताहरूको भाषण, गीत, नाच मात्रै सुनेर दिक्क भएका र नभएर अनिश्चित भएसँगै यहाँका एमाले कार्यकर्ताहरूमा निराशा छाएको छ ।

नगर कमिटी अध्यक्षमा पूर्वअध्यक्ष दिलबहादुर लामा, जयराम कुमर, सुरथ पुरी, तिलक घलान, थानेश्वर




सापकोटाको दाबेदारी रहेको र कोही पनि पछि नहटेकाले सहमति हुन नसकेको हो । निजगढ नगरको भूगोलको आधारमा सदस्य ३९, दलित कोटा सदस्य ३, महिला खुला सदस्य ९, पुरुष खुला सदस्य १३ र थप सदस्य ६ जना मनोनीत गर्ने कुरामा सहमति भएको तर अध्यक्षमा कुरा नमिलेर सर्वसम्मत हुन नसकी अधिवेशन लम्बिएको बताइएको छ । नगर कमिटी ७५ सदस्यीय हुने यसअघि नै पत्रकार सम्मेलनमा जानकारी दिइसकिएको थियो ।

हिजो अधिवेशनको उद्घाटन नेकपा एमाले स्थायी कमिटी सदस्य शङ्कर पोखरेलले गरेका थिए । कार्यक्रममा एमाले नेता केशव बडाल, प्रभु साह, अच्युत मैनाली, ज्वाला साह, बलवीर चौधरी, पुरुषोत्तम पौडेल, कोमल वलीलगायतले अधिवेशन सफलताको लागि शुभकामना मन्तव्य व्यक्त गरेका थिए । नेकपा एमालेको यही मङ्सिर १०–१२ गते चितवनमा दशौं राष्ट्रिय महाधिवेशन हुन गइरहेको छ ।

मनोरञ्जन लिएका कार्यकर्ताहरूमा निशारा छाएको छ ।

तोकिएको मितिमा नेकपा एमाले निजगढ नगर कमिटीको पदाधिकारी चयन गर्ने दुई दिनअघि पत्रकार सम्मेलन गरी जानकारी दिए पनि हिजो दिनभर भाषण, नाचगान र रात परेपछि पदाधिकारी चयन गर्न थालिए पनि आज पनि चयन हुन सकेन । पदाधिकारी चयन

## उद्योगको प्रदूषणविरुद्ध स्थानीयद्वारा धर्ना

प्रमोद यादव, पचगावाँ,४ मङ्सिर/

पर्साको पटेर्वासुगौली गाउँपालिका–२ गादीमा रहेको शिवम् लेयर्स फार्म प्रालिका सञ्चालक शिवजीप्रसाद गुप्ताले दुई महीनाभित्र प्रदूषण रोक्ने गरी काम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।


प्रदूषण विरुद्ध धर्ना बसेका स्थानीय । तस्वीरः प्रमोद यादव

सो उद्योगबाट निस्कने प्रदूषणले गाउँ नै दुर्गन्धित भएको भन्दै स्थानीयवासीले शनिवार ह्याचरीअगाडि धर्ना दिएपछि सञ्चालक गुप्ताले लिखित प्रतिबद्धता जाहेर गरेका हुन् । उनले दुई महीनाभित्र प्रदूषणविरुद्ध काम गर्न नसकेको खण्डमा कानूनी बाटो अवलम्बन गर्दा आफ्नो आपत्ति नहुने बताए ।

वडाध्यक्ष विजय गैरेले ह्याचरीबाट फैलिएको प्रदूषणबारे सञ्चालकलाई बारम्बार पत्राचार गरिएको तर बेवास्ता गरिएको आरोप लगाए । उनले अब दुई महीनामा समस्या समाधान नभए गापाले कानूनी बाटो अवलम्बन गर्ने बताए ।

स्थानीय नौसाद अन्सारीले ह्याचरीबाट फैलिएको प्रदूषणबाट वातावरण प्रदूषित हुनुका साथै बालीनालीमा पनि प्रभाव पार्दै आएको बताए । अर्का देवराज रामले प्रदूषणबारे उद्योगलाई बारम्बार ध्यानाकर्षण गराएको तर वास्ता नगरेको बताए । स्थानीयवासीले आज ह्याचरीमा धर्ना दिएपछि स्वास्थ्य चौकीमा छलफल भएको थियो ।

जनगणना गर्ने अवधि

कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म ।

नेपाल सरकार
विज्ञापन बोर्ड


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

## विचारसार र सूक्तिहरू

**जिन्दगी सबैभन्दा सजिलो बन्न पुग्छ, जब तपाईं अरूको विषयमा सोच्न छाड्नुहुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# स्वच्छ वायुको लाभ

श्वास लिन शुद्ध र स्वच्छ हावा सबैलाई चाहिन्छ, तर यो कसरी पाइन्छ ? हाम्रो शरीर र मन स्वस्थ रहनको लागि शुद्ध हावाको महत्त्वको अनुमान यसै कुराबाट लगाउन सकिन्छ कि मनुष्य भोजनविना केही दिन जीवित रहन सक्छ तर यदि उसले प्राणवायु अर्थात् अक्सिजन पाएन भने जीवित रहन असम्भव छ ।

**एउटा व्यक्तिलाई हरक वर्ष सास फेर्न जति अक्सिजनको आवश्यकता पर्छ, त्यसको लागि कमसेकम ५ वटा वयस्क रूख आवश्यक पर्छ । आज यो अनुपात बिग्रेकोले वातावरणमा विभिन्न प्रकारका बिमारी फैलिरहेका छन् ।**

मनुष्य दिनभरिमा जति पनि श्वास ग्रहण गर्छ, त्यसको ७५ प्रतिशत भाग अक्सिजन नै हुन्छ । हाम्रो शरीरको अङ्ग-प्रत्यङ्गले तब मात्र आफ्नो काम गर्छ जब त्यसको सबै भागमा आवश्यकता अनुसार अक्सिजनको आपूर्ति हुन्छ र अक्सिजनको यो आपूर्ति शरीरमा रक्त-परिसञ्चरणको माध्यमबाट हुन्छ । हाम्रो शरीरले पाउने ऊर्जाको ९० प्रतिशत भाग अक्सिजनको कारणले हुन्छ, बाँकी ऊर्जा उसले भोजन र पानीबाट पाउँछ । जब पनि हाम्रो शरीरमा अक्सिजनको स्तर ९० प्रतिशतभन्दा तल खस्किन्छ तब त्यसलाई अक्सिजनको कमी भनिन्छ ।

हाम्रो पर्यावरणमा सबैभन्दा बढी अक्सिजनको आपूर्ति गर्ने स्रोत हो, रूख-बिरुवा अर्थात् वृक्ष-वनस्पति । भनिन्छ वातावरणमा विद्यमान ७० देखि ८० प्रतिशत अक्सिजन समुद्री बिरुवाबाट प्राप्त हुन्छ । जमीनको अधिकांश भागमा समुद्र भएको कारण समुद्री बिरुवाले जमीनको बिरुवाको तुलनामा बढी अक्सिजन दिन्छ जमीनको वनस्पतिमध्ये पीपल, नीम, वर र तुलसीले अन्य बोटको तुलनामा बढी अक्सिजन दिन्छ ।

पीपलको रूखले हामीलाई २४ घण्टा अक्सिजन दिन्छ । त्यस्तै बाँस तीव्र गतिले बढ्ने यस्तो वनस्पति हो जुन हावालाई सफा गर्नुको अलावा अन्य रूख-बिरुवाको तुलनामा वातावरणमा ३० प्रतिशत बढी अक्सिजन प्रवाहित गर्छ । यसै प्रकार वृक्ष-वनस्पति वातावरणमा अक्सिजनको कारखानासरह हुन्छ जसले वातावरणमा निरन्तर अक्सिजन आपूर्ति गरिरहन्छ ।

मनुष्यको शरीरको अङ्गलाई उचित प्रकारले कार्य गर्न शरीरमा एक निश्चित स्तरसम्म अक्सिजनको आवश्यकता हुन्छ । अक्सिजनको स्तर शरीरमा यदि कम भयो भने त्यस स्थितिलाई हाइपोक्सिया भनिन्छ, जसको मुख्य लक्षण सास फेर्न समस्या हुन्छ । यदि हाम्रो मस्तिष्क, कलेजो र मिर्गौलासमेत अन्य अनेक अङ्गले पर्याप्त मात्रामा अक्सिजन पाएन भने यसले सही ढङ्गले कार्य गर्न सक्दैन र विकृति आउँछ ।

हाम्रो शरीरको विभिन्न अङ्गको विकासको लागि अक्सिजन निकै जरूरी हुन्छ । यसैले हामी आफ्नो आहारमा यस्तो खाद्य पदार्थ सामेल गर्नुपर्छ, जसले हाम्रो रगतमा बढीभन्दा बढी अक्सिजनको मात्रालाई सोस्ने कार्य गर्छ । जस्तै अङ्कुरित अन्न फाइबर अक्सिजनको भरपूर स्रोत हो । किशमिश, खजूर, अदुवा, गाजर तथा हरियो तरकारीमा एन्टिअक्सिडेन्ट्स बढी मात्रामा पाइन्छ । भिटामिनले भरिपूर्ण फल रगतमा अक्सिजनको बढी मात्रा सोस्न सहायक हुन्छ र आयरन भएको आहारले पनि शरीरमा अक्सिजन आपूर्ति गर्न सहायक हुन्छ । यसका साथै पानीमा पनि अक्सिजनको राम्रो स्रोत हुन्छ, यसैले जल पर्याप्त मात्रामा सेवन गरेर शरीरलाई स्वस्थ राख्न सकिन्छ ।

बिहानीपख घुम्ने तथा गहिरो सास फेर्दा शरीरले भरपूर मात्रामा अक्सिजन पाउँछ । यसबाट शरीरको रक्त-प्रवाह तीव्र हुन्छ तथा शरीरमा स्फूर्ति आउँछ । शुद्ध हावाबाट हाड तथा मांसपेशी बलियो हुन्छ र शरीरमा नयाँ कोशिकाको निर्माण पनि हुन्छ । बिहानीपखको शुद्ध हावाले शरीरमा रातो रक्तकण निर्माण गर्छ । मनोचिकित्सकको भनाइ छ बेचैनी र घबराहटबाट निदान पाउन खुला हावामा सास फेर्नु सबैभन्दा उत्तम हुन्छ तथा बिहानको स्वच्छ वायुको सेवन गर्दा कैयौं प्रकारको मानसिक रोगमा राहत पाइन्छ । यसको अलावा क्षयरोग, दमा, अस्थमा तथा फोक्सोको रोगमा पनि शीघ्र स्वास्थ्य लाभको लागि बिहानको स्वच्छ हावा लाभकारी हुन्छ । अनिद्राको लागि पनि स्वच्छ र निर्मल हावाले रामबाणजस्तै कार्य गर्छ ।

तथ्याङ्कको दृष्टिले हेर्दा दुनियाँमा सबैभन्दा बढी शुद्ध हावा भएको देश फिनल्यान्ड हो र सबैभन्दा प्रदूषित वायु भएको देशमा भारत पर्छ । अनुमानित रूपले वायुमण्डलमा करीब ६ लाख अर्ब टन हावा छ । यसमा ७८ प्रतिशत नाइट्रोजन, २१ प्रतिशत अक्सिजन, ०.०३ प्रतिशत कार्बन डाइअक्साइड र ०.९७ प्रतिशत अन्य ग्याँस हुन्छ । औसत आकारको कुनै रूखको पातले हरेक वर्ष ११७ लिटर अक्सिजन वातावरणमा उत्सर्जित गर्छ ।

एउटा व्यक्तिलाई हरक वर्ष सास फेर्न जति अक्सिजन आवश्यक पर्छ, त्यसको लागि कमसेकम ५ वटा वयस्क रूखको आवश्यकता पर्छ । आज यो अनुपात बिग्रेकोले वातावरणमा विभिन्न प्रकारका बिमारी फैलिरहेका छन् ।

रूख-बिरुवा मनुष्यको लागि प्रकृतिको निश्शुल्क उपहार हो र यदि यो उपहार समृद्ध बनाउनु छ भने धर्तीमा हरियाली फैलाउनुपर्छ । आज हाम्रो शहरको हावापानी प्रदूषणबाट ग्रसित छ, त्यसको सबैभन्दा प्रमुख कारण वृक्ष-वनस्पति कम हुनु हो । शहरमा कङ्क्रिटले बनेका जति भवन घर छन्, त्यसको अनुपातमा रूख बिरुवा छैन । जङ्गल काटेर शहर बसाइएको छ तर ती जङ्गलको आपूर्तिको लागि अन्यत्र त्यत्तिकै मात्रामा रूख बिरुवा रोपिएको छैन । हामीले यो कुरा बुझ्नुपर्छ कि रूख-बिरुवा हाम्रो जीवनको लागि निकै जरूरी छ, यदि हामी त्यसलाई आफ्नो जीवनबाट टाढा राख्छौं, सम्पर्कमा रहँदैनौं भने निश्चितरूपले रोगले हामीलाई सताउँछ ।

हाम्रो शरीर र मनको स्वास्थ्यको लागि हाम्रो पर्यावरणलाई स्वच्छ र सन्तुलित बनाइराख्न रूख-बिरुवाले ठूलो भूमिका निर्वाह गर्छ, यसैले हामीले पनि वरपर हरियाली बढाउनुपर्छ र त्यसको उचित हेरचाह गर्नुपर्छ । यदि हामी रूख बिरुवाको सुरक्षा दायित्व सम्हाल्छौं भने रूख-बिरुवाले पनि हाम्रो जीवनको सुरक्षाको दायित्व निर्वाह गर्नेछ ।

# कर खुशीले तिर्ने कि करकापले ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**कर प्रशासनको प्रणाली, शैली र आचरण भ्रष्टाचारको पर्याय बनेको छ । जो करको परिपालना गर्छ, उसैलाई कर प्रशासनले बढी दुःख दिने गरेको छ । जो छलेर भाग्छ पछि उनीहरूलाई नै छुट दिने गरेको पाइन्छ । त्यसैले कर कानून र कर प्रशासनमा सुधारको खाँचो छ ।**

सरकारले यो वर्ष पनि कर दिवस मनायो । प्रत्येक वर्षझैं यो दिवसमा औपचारिकता पूरा गरिए । करदाता र सरकारलाई जिम्मेवार बनाउने सन्दर्भमा यी कर्मकाण्डले कतिको काम गरे ? यो विचारणीय कुरा हो । अहिले त कर भनेको सत्ता सञ्चालनमा रहेका सीमित व्यक्तिहरूका लागि सेवा र सुविधा उपभोगको औजार मात्रै बढी बनेको छ । कर तिर्नु राज्यप्रति जनताको दायित्व हो भनिन्छ । जनतालाई दायित्वको पाठ घोकाएर मात्रै सरकारको दायित्व पूरा हुन्छ ? कि करबापत गुणस्तरीय सेवा सुविधाको पनि प्रत्याभूति हुनुपर्दछ ? अहिलेसम्म कर दिवसको औपचारिकता श्राद्धमा बिरालो बाँधेजस्तै भइराखेको छ ।

कर तिर्न जनतालाई उत्साहित गर्ने आशयका साथ यो दिवस मनाउन थालिएको भएपनि यसमा त्यस्ता कार्यक्रम छैनन् । दिवसलाई औपचारिकतामा मात्रै सीमित गर्दा जनतामा कर भनेको करले मात्रै तिर्नुपर्ने फगत दायित्व हो भन्ने भावना बढिरहेको छ । यो गम्भीर विषयलाई सरकारले हलुकारूपमा लिइराखेको छ । यसकै कारण पछिल्लो समय आम नागरिकमा सरकारलाई किन कर तिर्ने भन्ने प्रश्न उठ्न थालेको छ ।

जनताबाट कर असुलेपछि जनताप्रति राज्यको केही दायित्व हुनुपर्दछ । राज्य सञ्चालकले त्यसको प्रत्याभूति दिलाउन सकेको छैन । सरकारले दिने सेवा र सुविधाको भरमा पऱ्यो भने आम नागरिक अकालमा ज्यान गुमाउने अवस्थामा पुग्न सक्छ । शान्ति, सुरक्षा, सुव्यवस्था, सुशासन, शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता अत्यावश्यकीय सेवामा सरकारको भर पर्ने अवस्था नै छैन ।

सार्वजनिक सेवाहरू जनताप्रति जिम्मेवार देखिएका छैनन् । सरकारलाई नागरिकको हितमा काम गर्न रकम चाहिन्छ । यस्तो रकम जनताले तिरेको करबाटै आउने हो । आम्दानीको केही अंश राज्यलाई तिर्नु यसको अभ्यास हो । तर यसको सदुपयोग पहिलो शर्त हो । सरकारले उठाएको खर्च विकास निर्माणमा खर्च हुने वातावरण नै छैन । सरकारी कर्मचारीको तलबभत्ताका लागि मात्रै यो रकम खर्च भइरहेको छ । करको रकमबाट तहगत सरकार सञ्चालनको खर्च पनि नपुग्ने अवस्था छ । यस्तै हो भने साधारण खर्चका लागि समेत दाताको मुख ताक्ने अवस्था निकट देखिएको छ । हामीकहाँ दोहोरो-तेहोरो करको भारी बोकाइएको छ । यसको अन्तिम भार आम सर्वधारणमाथि नै गइराखेको छ ।

करदाताले आफूले तिरेको कर कति सदुपयोग भएको छ भनेर थाहा पाउनुपर्छ । करको रकम पारदर्शी तरीकाले नागरिकको हितमा खर्च हुनुपर्दछ । यसो भएमात्र नागरिकहरू कर तिर्न प्रोत्साहित हुन्छन् । नेपालमा कर प्रशासन करदातामैत्री छैन । करदातालाई प्रोत्साहित गर्नेभन्दा हतोत्साही बनाउने काम कर्मचारीहरूले नै गरेका छन् । कर्मचारीहरूलाई दिइएको तजबिजी अधिकार भ्रष्टाचारको कारण बनेको छ । अत्यधिक करदातामा सरकारलाई कर तिर्नुपरेकामा गर्व छैन । व्यर्थमा तिर्नुपरेको सोच पाइन्छ । कर तिरेको पैसा सदुपयोग भएको अनुभूति जनतामा नहुँदा नै यस्तो भएको हो । त्यस्तो अनुभूत गराउन कदम चाल्ने घोषणा हुन सकेको छैन । जनताले तिरेको कर जनहितमैं खर्च भइरहेको प्रत्याभूतिको अभाव छ । यस्तोमा करदाता आफूले तिरेको करको सदुपयोगमा आश्वस्त हुन सक्दैन । सरकार करदाताहरूप्रति उत्तरदायी छ भने करबाट उठेको रकम कुन शीर्षकमा खर्च गरेको भन्नेबारेमा पारदर्शिता हुनुपर्दछ ।

जनताले चुकाएको कर आफ्नै हितका लागि खर्च हुन्छ भन्ने कुराको निश्चितता नभई कर तिर्ने स्वेच्छा निर्माण हुन सक्दैन । अहिले तिरेको कर जति सामान्य खर्च, नेता र कर्मचारीको सेवा सुविधा धान्नै ठीक्क भइराखेको अवस्थामा बचेखुचेको आम्दानी सत्ता सञ्चालक र तिनका कार्यकर्ता रिझाउने स्रोत बनेको छ । यतिसम्म कि दाताको सहयोग र ऋणमा समेत भ्रष्टाचार देखिएको छ । यो दृश्य हेरिराखेको आम जनतामा कर तिर्ने उत्साह कसरी हुन्छ ? के वर्षमा एकपटक गरिने कर दिवसका कर्मकाण्ड र त्यस अवसरमा एकाध व्यापारीलाई दोसल्ला ओढाएर यो समस्याको निकास सम्भव छ त ? अवश्य छैन । यो बेथिति कार्य रहेसम्म जनतामा कर तिर्ने तत्परता कदापि जाग्दैन ।

उत्कृष्ट करदातालाई सम्मान गर्ने परिपाटी राम्रो थालनी भएपनि यो पर्याप्त र पारदर्शी छैन । अहिले पुरानै परिपाटीको पुनरावृत्तिबाहेक नयाँ केही पनि छैन । विविध क्षेत्रमा सर्वोत्कृष्ट करदाता पुरस्कृत भएपनि बढी कर तिर्ने दोस्रो र तेस्रो तहका करदाताको नाम सार्वजनिक गरिएन । करदाताले कति कर तिरेको छ भनेर लुकाउनुपर्ने कारण देखिंदैन । त्यो सार्वजनिक गर्ने परिपाटी शुरू गर्न सरकारले चाहेन वा सकेन । सरकारले सबैभन्दा बढी कर तिर्ने व्यक्ति र संस्थाहरूलाई सम्मान गरेको त छ, तर त्यसको पारदर्शितामा प्रश्न उठ्ने गरेको छ । कसले कति कर तिरेर सम्मानित भयो भन्ने कुरा गोप्य राखिने गरेको छ । यसको औचित्य के हो ? स्पष्ट छैन । पारदर्शिताको भाषण गर्ने सरकारले उत्कृष्ट करदाताले तिरेको करको अङ्क गोप्य राख्नुपर्ने कारण बुझ्न सकिएको छैन ।

कर दिवसको अवसरमा अर्थमन्त्री जनार्दन शर्माले कर छली रोक्ने, दोब्बर राजस्व उठाउनेजस्ता भाषण दिए । यो विगतका मन्त्रीहरूको अभिव्यक्तिकै पुनरावृत्ति मात्रै हो । कार्यान्वयनमा आउने सम्भावना कमै मात्र देखिन्छ । थोरै व्यक्ति र संस्थाले तिरेको करमा सरकार सञ्चालन भइरहेको छ । कर नीति र कर प्रशासनका बारेमा निजी क्षेत्रका औसत असन्तोषहरूको सरकारले समाधान दिन सकेको छैन । कुल गार्हस्थ उत्पादनमा करको अनुपात ५ प्रतिशत हुनुलाई स्वस्थ्य कर प्रणाली मानिन्छ । तर हामीकहाँ यो अनुपात करीब २५ प्रतिशतको हाराहारीमा छ । जबकि कर संरचनामा व्यापक सुधार गरेको भारतमा यो १६ र चीनमा २० प्रतिशत छ । नेपालका व्यवसायीले विभिन्न ४६ शीर्षकमा कर तिर्ने गरेको विश्व बैंकको अध्ययनले देखाएको छ । नेपालका व्यवसायीले आफ्नो आयको ४२ प्रतिशतसम्म कर र विभिन्न योगदानका नाममा खर्च गर्नुपर्दछ । जबकि उत्कृष्ट अर्थतन्त्रको रूपमा गनिएका यो दर २६ प्रतिशत मात्रै छ ।

सरकारले राजस्व दोब्बर बनाउने भने पनि करको दायरा बढाउने र त्यसका लागि प्रोत्साहनका कार्यक्रम ल्याउन सकेको छैन । यसो हुँदा कर तिरिरहेका करदातालाई नै करको बोझ थप्ने सजिलो उपायमा सरकार गएको देखिन्छ । यसले करदातामा वितृष्णा जागेको छ । करदातालाई आम्दानीको अवसर र सुविधा दिएर कर लिनुपर्दछ । भत्किएका सडक, सरसफाइको कमी, विकासका नाममा बेथितिहरू औसत समस्या हुन् । यसमा नेतृत्वले धेरै ठूला काम गर्नुपर्दैन । सडक, सरसफाइ र न्यूनतम आवश्यकताको प्रत्याभूतिमा सुधार मात्र हुन सक्यो भने त्यो पर्याप्त मानिनेछ । सुख र समृद्धिका सपना देखाउने तर विपनामा दिनैन्दिन समस्याको चाङ मात्र हात लाग्ने स्थिति बन्नुहुँदैन । परम्परागत तरीकाले कर उठाउने शैली छोडेर जनताको आर्जनको हिसाबले कर लिने परिपाटी स्थापित हुनुपर्दछ । सरकार यो आवश्यकतामा गम्भीर देखिएको छैन । कर निचोरेर लिने, न्यूनतम आवश्यकताको पूर्तिसमेत गर्न नसक्ने शैली चल्दैन ।

धेरैभन्दा धेरैलाई करको दायरामा ल्याउन करका दर घटाउनुपर्दछ । यसो भयो भने जनतामा करको भार र सत्ता सञ्चालकलाई स्रोतको सकस दुवै कम हुन्छ । यस्तो स्रोतको सदुपयोग प्राथमिक शर्त भने हुनुपर्दछ । कर प्रशासनमा सुधार गर्नुपर्ने कुरा पनि अघि बढेको छैन । कर प्रशासनको प्रणाली, शैली र आचरण भ्रष्टाचारको पर्याय बनेको छ । जो करको परिपालना गर्छ, उसैलाई कर प्रशासनले बढी दुःख दिने गरेको छ । जो छलेर भाग्छ पछि उनीहरूलाई नै छुट दिने गरेको पाइन्छ । त्यसैले कर कानून र कर प्रशासनमा सुधारको खाँचो छ ।

## सांसद यादवद्वारा ढलान सडक उद्घाटन



प्रस, वीरगंज, ४ मङ्सिर/

सांसद प्रदीप यादवले वीरगंज महानगरपालिका-३० लालपर्सामा ढलान सडकको उद्घाटन गरेका छन् ।

संसदीय विकास कोषको ३० लाख रुपैयाँको लागतमा लालपर्सामा निर्मित सात सय मिटर ढलान सडकको उद्घाटन गर्दै उनले सडक निर्माणबाट स्थानीयलाई सहयोग पुगेको बताए । सडक नबन्दा हुने अप्ठ्यारा अबका दिनमा स्थानीयले बेहोर्नुनपर्ने उनको भनाइ थियो । लालपर्साको विकासको लागि आफूले सक्दो सहयोग गरेको बताए ।

कार्यक्रममा जसपाका एकाइ अध्यक्ष दीनानाथ मण्डल, ब्रह्मा यादव, मनोज यादव, गगनदेव यादव, रामप्रवेश यादव, मनोज साह कानू, रामप्रवेश कलवार, सञ्जीव ठाकुरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## आठ बिघा गाँजाखेती फँडानी

प्रस, सेढवा, ४ मङ्सिर/

प्रहरीले शनिवार ठोरी गाउँपालिकामा लगाइएको करीब आठ बिघा गाँजाखेती फँडानी गरेको छ । ठोरी गापा-४ को निर्मलबस्ती, मिलचोक, घ्याङडाँडा, विशालचोक, विजयबस्तीलगायतका क्षेत्रमा लगाइएको करीब आठ बिघा गाँजा फँडानी गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठले बताए । यसअघि मात्र सो स्थानबाट प्रहरीले ११ बिघा गाँजाखेती फँडानी गरेको थियो ।



प्रहरीले आज नापी र भूमिसुधार तथा मालपोत कार्यालयका प्रतिनिधिसमेतको टोली लिएर गएको थियो । गाँजाखेती गरिएको जग्गाको यकीन गरी सम्बन्धित जग्गाधनीलाई कानूनी कारबाई गर्ने उद्देश्यले प्रहरी दुवै कार्यालयका प्रतिनिधिसहित पुगेको हो ।

## जसपाको सङ्गठन सुदृढीकरण अभियान

प्रस, पंचगावाँ, ४ मङ्सिर/

जनता समाजवादी पार्टीको धोबिनी गाउँपालिका-५, जगरनाथपुर टोलमा सङ्गठन सुदृढीकरण अभियान सम्पन्न भएको छ ।

कार्यक्रममा जसपा प्रदेश समितिका सदस्य सलाउद्दीन अहमदले धोबिनी गाउँपालिकामा पर्सामा रहेको १० गापा र प्रदेशकै सबैभन्दा बढी बेरुजू रु १० करोड ३१ लाख देखिएको बताए । उनले धोबिनी गापाका मानिसहरूले यसको हिसाबकिताब खोज्नुपर्ने जिकिर गरे ।

भ्रष्टाचार कसैले पनि सहन नहुने र यसविरुद्ध भण्डाफोर अभियान चलाउनुपर्ने उनले बताए ।

कार्यक्रम वडाध्यक्ष मनौवर अहमदको अध्यक्षतामा भएको थियो भने प्रदेश सदस्य मदन चौहान, भोला अन्सारी, महेन्द्र सहनी, प्रसाद राम, सुरेन्द्र राम, जग राम, रघुनाथ यादव, मोती रामलगायतको सहभागिता थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# बाढीमा १५ जनाको मृत्यु, १०० जना बेपत्ता

नयाँ दिल्ली, ४ मङ्सिर/एएनआई

भारतको आन्ध्रप्रदेशमा आएको बाढीका कारण कम्तीमा १५ जनाको मृत्यु भएको छ। बाढीले अरू १०० जनाभन्दा बढीलाई बगाएर बेपत्ता बनाएको सरकारी अधिकारीले शनिवार बिहान जानकारी दिएका छन्।


तस्वीर: एएनआई

निरन्तरको अत्यधिक वर्षाका कारण बाढी ठूलो आएको र धेरै क्षति गरेको खोजी तथा उद्धार कार्यमा खटिएकाले बताएका छन्।

बाढीले विशेषगरी आन्ध्रप्रदेशका चार जिल्ला चित्तुर, कडपा, कुर्नुल र अनन्तपुरम्मा बढी असर पारेको छ।

बाढी प्रभावित क्षेत्रमा खोजी तथा उद्धारका लागि सुरक्षाकर्मी, उद्धारकर्मी र स्वयंसेवकको टोली खटिएका छन्।

राष्ट्रिय प्रकोप व्यवस्थापन फौजको मात्रै सातवटा टोली खटिएको सरकारी अधिकारीले जानकारी दिएका छन्।

खोजी तथा उद्धार कार्य जारी रहे पनि १०० जनाभन्दा बढी बेपत्ता भएकाले उनीहरूमध्ये अधिकांश जीवितै भेटिने सम्भावना कम रहेको उद्धारकर्ताको भनाइ छ। उनीहरूका अनुसार बाढीका कारण मृत्यु भएकाको सङ्ख्या बढ्न सक्ने देखिएको छ। रासस

# भारतमा एक दिनमा १० हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ४ मङ्सिर/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप १० हजार ३०२ जना सङ्क्रमित भएका छन्।

सोही अवधिमा अरू २६७ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

नयाँ सङ्क्रमितमध्ये आधाभन्दा बढी केरला प्रदेशका मात्रै रहेका छन्। मन्त्रालयका अनुसार केरलामा पाँच हजार ७५४ नयाँ सङ्क्रमित भएका हुन्। त्यसैगरी, केरलामा मात्रै ४९ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको छ। भारतको केरलामा पछिल्लो समय कोरोना भाइरसको महामारीको प्रभाव सबैभन्दा धेरै परेको छ। यसअघि महाराष्ट्र प्रदेश र दिल्ली प्रदेश बढी प्रभावित भएका थिए। अहिले ती प्रदेशमा अति न्यून भएपनि केरलामा महामारी धेरै नै देखिएको छ।

भारतमा अहिले कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या एक लाख २४ हजार ८६८ रहेको छ। यो सङ्ख्या कुल सङ्क्रमित भएकामध्येको ०.३६ प्रतिशत मात्रै हो।

सक्रिय सङ्क्रमितको सङ्ख्या सन् २०२० को मार्चपछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्। पछिल्लो २४ घण्टामा भारतमा ११ हजार ७८७ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

यसरी एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या कम हुँदै गएको हो।

भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३९ लाख नौ हजार ७०८ रहेको मन्त्रालयले जनाएको छ। यो सङ्ख्या कुल सङ्क्रमितमध्येको ९८.२९ प्रतिशत हो।

यो पनि सन् २०२० को मार्चपछिकै सबैभन्दा धेरै भएको मन्त्रालयका अधिकारीको भनाइ छ। रासस

# साउदी अरबको दूतावास फेरि खुल्ने

रियाद, ४ मङ्सिर/सिन्ह्वा

साउदी अरबले सोमालियामा रहेको आफ्नो दूतावास फेरि खुला गर्ने शुक्रवार घोषणा गरेको छ।

साउदी अरबका विदेशमन्त्रीले दूतावास पुनः सञ्चालन गर्नेबारेमा सोमालिया सरकारसँग मिलेर प्रक्रिया अगाडि बढाइएको जानकारी दिए।

सोमालियाको राजधानी मोगादिसुमा साउदी अरबको दूतावास पुनः खोलिने भएको हो। आपसी सहयोग र सम्बन्ध बढाउनुका साथै साझा चासो र दुई पक्षीय हितका बारेमा सहकार्य गर्न दूतावास पुनः खोल्ने निष्कर्षमा पुगिएको अधिकारीको भनाइ छ।

दूतावास पुनः सञ्चालनमा ल्याउने र आपसी सम्बन्ध र सहकार्यलाई बढाउने बारेमा छलफल गर्न साउदी अरबको टोलीले गत जूनमा सोमालियाको भ्रमण गरेको थियो।

साउदी अरबले सन् १९९१ मा सोमालियामा रहेको आफ्नो दूतावास बन्द गरेको थियो।

सोमालियामा त्यति बेला भएको आन्तरिक युद्धलाई कारण देखाउँदै साउदी अरबले सोमालियामा रहेको आफ्नो दूतावास अनिश्चितकालका लागि बन्द गरिएको घोषणा गरेको थियो। रासस

# जेलमैं गरेको अनशन अन्त्य

टिब्लिसी, ४ मङ्सिर/एएफपी

जर्जियाको विपक्षी दलका नेता तथा पूर्वराष्ट्रपति मिखाइल साकाश्भिलीले आमरण अनशन अन्त्य गरेका छन्।

जर्जियाको कारागारभित्रै अनशन शुरू भएको ५० दिनपछि शनिवार उनले अनशन अन्त्य गरेका हुन्।

अनशनका कारण स्वास्थ्य अवस्था अत्यन्त नाजुक भएपछि निजी चिकित्सकको सल्लाहमा उनले हालका लागि अनशन अन्त्य गरेको जनाइएको छ।

कारागारमा अनशनका कारण स्वास्थ्य अवस्था बिग्रिएपछि उनलाई सैनिक अस्पतालमा स्थानान्तरण गरिएको थियो।

आफूलाई राजनीतिक पूर्वाग्रहका आधारमा गिरफ्तार गरेर जेलमा राखिएको भन्दै उनले आफूलाई तत्काल रिहा गर्न माग गर्दै कारागारमैं अनशन बसेका थिए।

अनशन गरिरहेका बेला ५३ वर्षीय नेता साकाश्भिली गत बिहीवार बेहोश भएका थिए। चिकित्सकले उनलाई तत्काल अस्पताल लैजान सुझाव दिएका थिए।

उनलाई नियमित स्वास्थ्य परीक्षण गर्नेगरी चिकित्सकको निगरानीमा राख्नुपर्ने र त्यसो गर्न नसकेमा उनको जीवन नै खतरामा रहेको चेतावनी चिकित्सकले दिएका थिए।

चिकित्सकको सुझाव र सिफारिशका आधारमा न्यायमन्त्री राती ब्रेगाड्जले शुक्रवार उनलाई अस्पताल लैजान अनुमति दिएका थिए।

"उहाँको स्वास्थ्य र सुरक्षाका लागि राज्य सधैं तत्पर छ," मन्त्री ब्रेगाड्जले भने। उनले विपक्षी नेता साकाश्भिलीको स्वास्थ्य र सुरक्षाका लागि सबै उपाय अपनाउन सरकार तयार रहेको पनि स्पष्ट पारेका थिए।

विपक्षी नेता साकाश्भिलीले अनशन तोडे पनि आफ्नो आन्दोलन र माग भने यथावत् रहेको स्पष्ट पारेका छन्।

"मैले पूर्वाग्रहपूर्ण तरीकाले मलाई कारागार राखिएको विषयलाई स्वाभाविक मानेको छैन, म यसलाई अवैध र अवैधानिक नै मान्छु, म यसलाई स्वीकार गर्दिनँ," उनले भनेका छन्।

आफूमाथि भएको अन्यायका विरुद्धमा आफू बाँचुन्जेल लडिरहने र प्रतिवाद गरिरहने अठोट पनि उनले व्यक्त गरेका छन्।

सन् २०१८ मा उनलाई जेल सजाय तोकिएको हो। पदमा रहँदा शक्ति र स्रोत साधनको दुरुपयोग गरेको आरोपमा उनलाई कारागार चलान गरिएको थियो।

त्यस आरोपलाई उनले भने अस्वीकार गर्दै आएका छन्। अहिलेको सत्ताधारीले आफूलाई राजनीतिक पूर्वाग्रहका आधारमा दोषी देखाएर कारागारमा राख्न लगाएको उनको दाबी छ।

स्वास्थ्य अवस्था अति जटिल हुँदासमेत उनले आफ्नो अडान र दाबीलाई दृढताका साथ कायमै राखेका छन्।

चिकित्सकले उनको अवस्था अहिले पनि खतरापूर्ण रहेको जानकारी दिएका छन्। तर सुधार भने हुन थालेको उनीहरूले बताएका छन्। रासस


**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३


## आजको राशिफल

| | |
|---|---|
| मेष — धनक्षति | वृष — अन्नलाभ |
| मिथुन — अलमल | कर्कट — प्रसन्नता |
| सिंह — पदोन्नति | कन्या — अस्वस्थता |
| तुला — कष्टानुभूति | वृश्चिक — नारीसुख |
| धनु — अलमल | मकर — खिन्नता |
| कुम्भ — वाहनकष्ट | मीन — राज्यलाभ |

ज्योतिषी पं छविरमण सुवेदी, सि.सं.मा.वि., कलैया

# नेपालको धार्मिक पर्यटनको निश्शुल्क प्रचार गर्छु -रामदेव

काठमाडौं, ४ मङ्सिर/रासस

भारतीय योगगुरु रामदेव बाबाले स्मरण गर्दै उनले नेपालको धर्ती योग तथा ध्यानका लागि संसारकै उत्कृष्ट तथा धार्मिक एवं पवित्र भूमि नेपाल योग तथा ध्यानका लागि संसारकै एक



बनेपामा निर्माण गरेको योग भवनको उद्घाटन कार्यक्रममा सहभागी भारतीय योगगुरु रामदेव र आचार्य बालकृष्णलगायतका अतिथिहरू। तस्वीरः रासस

नेपाल वैदिक सनातन एव धार्मिक संस्कृतिले धनी अद्वितीय देश हो भन्दै आफूले यहाँको धार्मिक तथा आध्यात्मिक पर्यटनको भारतमा निश्शुल्क प्रचार गर्ने बताएका छन्।

शनिवार बिहान चन्द्रागिरि डाँडामा योग ध्यान तथा प्रशिक्षण गरेपछि प्रतिक्रिया दिंदै उनले भने, "नेपाल पशुपतिनाथ, मुक्तिनाथको देश हो, यो सीता माता र भगवान् गौतमबुद्ध जन्मिएको धर्ती हो, म नेपालको यो धार्मिक तथा आध्यात्मिक पर्यटनको व्यापक प्रचार गर्छु, निश्शुल्क प्रचार गर्छु।"

उनले नेपालमा आएर यस्ता पक्षको अध्ययन गर्न तथा धार्मिक पर्यटनका साथै यहाँको हिमालय क्षेत्र र स्वचछ हावापानीबाट लाभान्वित हुन भारतीय पर्यटकलाई आग्रह पनि गरे। नेपाल कैयौं ऋषिमुनिको जन्मभूमि र तपोभूमि भएको धर्ती हो भने।

रामदेव बाबाले नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहप्रति सम्मान प्रकट गरे। उनले भने, "नेपाल एकीकरण गर्ने पृथ्वीनारायण शाहप्रति मेरो नमन छ।"

उनले चन्द्रागिरि हिल्सको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा यहाँको प्राकृतिक सुन्दर पक्षको बयान गरे। उनले भने, "हिमशृङ्खला देखिने यस डाँडाको स्वच्छ हावा र प्राकृतिक सुन्दर पक्षका कारण योग तथा ध्यान गर्ने यो एक पुण्य भूमि हो भन्ने भलाई लाग्यो, यस्ता अलौकिक स्थान र सम्पदा नेपालमा मात्र छन्, त्यसैले नेपाल एक पुण्य भूमि हो।"

उनले भारतीय आध्यात्मिक व्यक्ति एवं पर्यटकलाई नेपाल आउन र यहाँ आएका बेला चन्द्रागिरि नछुटाउन आग्रह पनि गरे। प्रशस्त हिमालय पर्वत रहेको उत्कृष्ट धर्ती भएको उनले बताए।

बिहीवार नेपाल आएका भारतीय योगगुरु रामदेव बाबाले शनिवार बिहान चन्द्रागिरिमा योग ध्यान तथा योग प्रशिक्षण गराएका थिए।

त्यस प्रशिक्षणमा उनका साथमा योगगुरु आचार्य बालकृष्ण पनि सहभागी थिए।

त्यस अवसरमा बाबा रामदेव र आचार्य बालकृष्णले धार्मिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्वको पर्वत चन्द्रागिरिको निरीक्षण गर्नुका साथै त्यहाँ राखिएको जीपलाइनमा पनि शयर गरेका थिए।

रामदेव बाबा र आचार्य बालकृष्णले त्यस अवसरमा चन्द्रागिरिमा अवस्थित भालेश्वर महादेव मन्दिरमा पूजाअर्चना पनि गरेका थिए। योगगुरु रामदेव बाबा र आचार्य बालकृष्ण बिहीवार नेपाल आएका हुन्।

# आफ्ना मन्त्रीले भ्रष्टाचार गरे कारबाही गर्छौं -अध्यक्ष नेपाल

भक्तपुर, ४ मङ्सिर/रासस

नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टीबाट सरकारमा सहभागी भएका मन्त्रीलाई कुनै पनि गलत काम नगर्न निर्देशन दिएको बताएका छन्।

राष्ट्रिय स्वास्थ्यकर्मी सङ्घ नेपालद्वारा मध्यपुरथिमिको बोडेमा आयोजित दुई दिने राष्ट्रिय भेलाको शनिवार अन्तिम दिनका कार्यक्रममा उनले आफ्ना मन्त्रीलाई भ्रष्टाचारबाट मुक्त भएर काम गर्न निर्देशन दिएको र गलत गरे कारबाही गर्ने जानकारी गराएको बताएका हुन्।

उनले सरकारमा रहेका आफ्ना मन्त्रीले कुनै पनि गलत काम गरेमा कारबाही गरेर फिर्ता बोलाइने बताउँदै शिक्षा र स्वास्थ्यमा ज्यादै मुनाफा हुनेगरी निजीकरण गरिएकाले सरकारले त्यसलाई निरुत्साहित गरी जनताको सेवामुखी भएर काम गर्नुपर्नेमा जोड दिए।

अध्यक्ष नेपालले नेकपा एमालेमा रहने सच्चा कम्युनिस्टलाई ढोका बन्द गरेपछि बाहिर आउनुपरेको बताए। उनले भने, "आफूहरूलाई एमालेमा बस्न ढोका बन्द गरेपछि संन्यास लिने कि आत्मसमर्पण गरेर केपी ओलीको टाङमुनि छिरेर बस्ने भन्ने भयो, हामीले त्यसलाई अस्वीकार गर्‍यौं र बाध्य भएर नयाँ पार्टी गठन गर्‍यौं।"

अहिले एमालेले विद्रोह गरेको पार्टी सकिन्छ भन्ने भ्रम फैलाउँदै हिंडेको भन्दै उनले भ्रम छर्नुपर्दैन, पुष्पलालले अगाडि बढेकै बाटो नेकपा समाजवादीले हिंडेकाले त्यस्तो अवस्था नआउने दाबी गरे।

# मौसममा क्रमिक सुधार

काठमाडौं, ४ मङ्सिर/रासस

अरब सागरमा बनेको न्यूनचापीय क्षेत्रको आंशिक प्रभावले विगत तीन दिनदेखि बिग्रिएको नेपालको मौसममा शनिवारदेखि क्रमिकरूपमा सुधार आएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

यद्यपि उक्त मौसमी प्रणालीको आंशिक प्रभाव कायमै रहेकाले सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा हुनका साथै उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

राजधानी काठमाडौंसहित देशका अधिकांश स्थानमा लगातारको बदली हटेको छ। काठमाडौं उपत्यकामा बिहानैदेखि पारिलो घाम लागेकाले विगतका दिनभन्दा केही न्यानो महसूस गरिएको छ। यही मङ्सिर २ गतेदेखि देशका अधिकांश स्थानमा बदली र उच्च हिमाली भेगमा हल्का हिमपात भएको थियो।

महाशाखाका अनुसार अहिले देशका सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका भूभागमा सामान्य बदली रही बाँकी प्रदेशका भूभाग आंशिकदेखि सामान्य बदली रहेको छ। सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

रातिको समयमा पनि सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका भूभागमा सामान्य बदली रही बाँकी प्रदेशका भूभाग आंशिकदेखि सामान्य बदली रहनेछ। गण्डकी र कर्णाली प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

भोलि आइतवार पनि देशका पहाडी भूभागमा सामान्य बदली रही बाँकी भूभागहरूमा आंशिक बदली रहनेछ। वाग्मती, गण्डकी र प्रदेश नं १ का उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ।


**घरघरमा शौचालय प्रयोग गरौं,**
**सभ्य नागरिकको परिचय दिऔं।**

**वीरगंज महानगरपालिका**



**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# महानगरको मोडल सही साबित -नगरप्रमुख सरावगी

प्रस, वीरगंज, ४ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले कोभिड महानगरपालिकाले शुरूमा कक्षा ८ देखि माथिको पठनपाठन शुरू गर्ने निर्णय गरेको र सोही निर्णयकै आधारमा देशभरका नकारात्मक प्रभाव पर्नबाट जोगिएको बताए ।

नगरप्रमुख सरावगीले तेस्रो लहरको



महामारीले शिक्षामा पारेको प्रभाव न्यूनीकरणका लागि महानगरपालिकाले चालेको कदम सही रहेको दाबी गरेका छन् ।

अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको अवसरमा चाइल्ड हब नेपालले शनिवार वीरगंजमा आयोजना गरेको वक्तृत्वकला प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि नगरप्रमुख सरावगीले कोरोना महामारीले लामो समयसम्म विद्यालय बन्द हुँदा विद्यार्थीहरूको शिक्षामा नकारात्मक प्रभाव पार्नुका साथै अभिभावकहरू चिन्तित भएको बेलामा विद्यालयहरू खुला भएको दाबी गरे ।

कोभिड-१९ को हटस्पट बनेको वीरगंजमा शुरूमा कोभिड सङ्क्रमण नियन्त्रण र व्यवस्थापनमा अपनाइएको पद्धति पनि देशकै लागि उदाहरणीय बनेको र शिक्षा क्षेत्रमा पनि महानगरपालिकाले अपनाएको मोडालिटी सही साबित भएको नगरप्रमुख सरावगीले बताए । कोरोनाको जोखिम कायमै रहेको अवस्थामा पनि स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर जोखिम कम हुने कक्षाहरू मात्रै सञ्चालनमा ल्याइएको र यसले धेरै बालबालिकाको शिक्षामा कोभिडको जोखिम हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी नारायणी अस्पतालमा निजी क्षेत्रले स्थापना गरेको सघन बाल उपचार कक्ष स्थापनासँगै बालबालिकाहरूलाई जोखिम न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमहरू महानगरपालिकाले निरन्तर दिंदै आएको पनि बताए । उनले सीमा क्षेत्र भएकोले अझै पनि कोभिड सङ्क्रमणको जोखिम कायमै रहेकोले बालबालिकाहरूलाई जोखिमबाट बचाउनका लागि अभिभावकहरू पनि गम्भीर हुनुपर्ने सुझाव दिए ।

# सिम्रौनगढमा एमालेको कार्यकर्ता भेला

प्रस, सिम्रौनगढ, ४ मङ्सिर/

सिम्रौनगढ नगरपालिका-८ टोल कचोर्वामा शनिवार नेपाल कम्युनिस्ट पार्टी एमालेको कार्यकर्ता भेला सम्पन्न भएको छ ।

भेलाको उद्घाटन नेकपा एमालेका केन्द्रीय सदस्य अच्युत मैनालीले गरेका थिए । उनले एमाले अध्यक्ष केपी ओली शर्माको सपना निद्राको नभएर हकिकतको भएको दाबी गरे । उनले अध्यक्ष ओलीले यसअघि गरेका प्रतिबद्धताहरू धेरै हदसम्म पूरा गरेको बताए । उनले आफ्नो घर बिगाडेर व्यक्तिहरू अहिले प्रधानमन्त्री बन्ने सपना देखिरहेकाले सो सपना साकार नहुने र आगामी सरकार एमालेको हुने दाबी गरे ।

कार्यक्रममा पूर्वमन्त्री पुरुषोत्तम पौडेलले एमालेबाट फोहरहरू फ्याँकिएको



तस्वीरः प्रतीक

र पार्टी सफा भएको बताए । अन्याय, अत्याचार, भ्रष्टाचार र शोषणविरुद्ध एमालले खेलेको भूमिकाको कारण आगामी सरकार बनाउने सुनिश्चित भएको दाबी गरे ।

पूर्वमन्त्री ज्वाला साहले महिलाको पहुँच बढाउनुपर्ने कुरामा जोड दिइन् । उनले महिलाको सहभागिताविना अबका दिनमा देश सञ्चालन हुन नसक्ने भन्दै सबै क्षेत्रमा महिलाको सहभागिता बढाउनुपर्ने आवश्यकता रहेको बताइन् ।

दयानिधिप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश नं २ सदस्य जालन्धर सिंह, प्रदेशसभा सदस्य जयप्रकाश यादव, त्रिलोकीप्रसाद चौधरी, ढुण्डीराज उप्रेती, केवलप्रसाद चौधरी, कोल्हवी नगरपालिकाका प्रमुख भरतबहादुर भण्डारी, महेन्द्रप्रसाद जयसवाल, ताराचन्द्रप्रसाद साह, सन्नी गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा रामप्रवेश कुशवाहाले स्वागत र सञ्चालन रामएकबालप्रसाद यादवले गरेका थिए ।




- जनगणनामा स्वयम् सहभागी भएमात्र गणना पूर्ण हुन्छ ।
- सबैले घरमा आउने गणकलाई सहयोग गरौं ।
- आफ्नो तथा परिवारका व्यक्तिहरूको विवरण टिपाऔं ।
- आफ्नो नाता, कुटुम्ब, साथीभाइ, छरछिमेकी र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं ।

गणना गर्ने अवधिः
कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## महावीरी मेला, कुश्ती प्रतियोगिता सम्पन्न

प्रस, पोखरिया, ४ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिका-५ मनिहर्वामा महावीरी झन्डा मेलामा कुश्ती प्रतियोगिता सम्पन्न भएको छ ।

शनिवार सम्पन्न कुश्ती प्रतियोगिताको गापा प्रमुख हरिनारायण चौधरीले उद्घाटन गरेका थिए । उनले चार वर्षको अवधिमा विकास निर्माणका कार्यहरू गर्दै आए सरह खेलकूदलाई पनि प्राथमिकतामा राखेको बताए । उनले कुश्तीको विकासको लागि पनि गाउँपालिकाले सक्दो सहयोग गर्ने आश्वासन दिए ।


तस्वीरः प्रतीक

कार्यक्रममा उपाध्यक्ष ममता महतो, वडाध्यक्ष मोतीलाल साह, दुःखी ओझैया, पलक थारू, सुशासन अभियानका नेता राजकुमार यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम ठाकुरप्रसाद थारूको अध्यक्षतामा भएको थियो स्वागत उत्तमसिंह कार्कीले गरेका थिए ।

कुश्ती प्रतियोगितामा नेपाल-भारतका सयभन्दा बढी पहलवानहरूको सहभागिता थियो ।

## बारा बक्सिङ सङ्घको अध्यक्षमा ठकुरी

प्रस, निजगढ, ४ मङ्सिर/

बारा जिल्ला बक्सिङ सङ्घको ११ सदस्यीय कार्यसमिति शनिवार सिमरामा गठन भएको छ । पत्रकार सम्मेलन गरी



तस्वीरः प्रतीक

करणसिंह ठकुरीको अध्यक्षतामा ११ सदस्यीय बारा जिल्ला बक्सिङ सङ्घ गठन भएको जानकारी गराइएको हो । सङ्घको उपाध्यक्ष मुन्नुसिंह ठकुरी, सचिव सन्तोष धिताल, सहसचिव निशा लामा, कोषाध्यक्ष उज्ज्वलसिंह ठकुरी र सदस्यहरूमा लक्ष्मी श्रेष्ठ, सुजिता मानन्धर, प्रीति श्रेष्ठ, अमलसिंह ठकुरी, रोहन तामाङ, अमृत क्षत्री रहेको जानकारी गराइएको थियो ।

# पर्सागढीमा माओवादीको नगर सम्मेलन

प्रस, सेढवा, ४ मङ्सिर/

नेकपा माओवादी केन्द्र पर्सागढीको




प्रथम नगर सम्मेलन शनिवार पर्सागढी नगरपालिका-३ को खेलमैदानमा सम्पन्न भएको छ ।

नेकपा माओवादी केन्द्र पर्सागढीका नगर संयोजक सोम लामाको अध्यक्षतामा भएको नगर सम्मेलनको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि माओवादी पर्साका इन्चार्ज विजय महतोले माओवादी पार्टीको कारण आज देशमा परिवर्तन आएको बताए । उद्घाटन समारोहमा जिल्ला संयोजक रामदरश कुशवाहा, जिल्ला सचिव बालेश्वर थारू, केन्द्रीय सल्लाहकार रामाश्रे रामलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण गोलकुमार बस्नेतले गरेका थिए ।

नगर सम्मेलनले लामाकै अध्यक्षतामा ६५ सदस्यीय नगर कमिटी गठन गरेको छ । नगर कमिटीको उपाध्यक्ष गोलकुमार बस्नेत, विपिन यादव, सचिव विक्रम कार्की, सहसचिव कुलमाया थिङ, कोषाध्यक्ष टुककुमारी कार्कीलगायत सदस्यहरू छन् ।

### ठोरीमा माओवादीको अधिवेशन

*प्रस, ठोरी/*

ठोरी गाउँपालिकामा नेकपा माओवादी केन्द्रको वडा अधिवेशन सम्पन्न भएको छ ।

शनिवार ठोरीका पाँचवटै वडामा अधिवेशन सम्पन्न सर्वसम्मत चयन गरिएको ठोरी गापा अध्यक्ष पद्मलाल श्रेष्ठले बताए ।

सम्पन्न वडा अधिवेशनले वडा १ देखि ५ सम्पन्न क्रमशः तिलकबहादुर श्रेष्ठ,




भैरवबहादुर बस्नेत, श्याम श्रेष्ठ, सागर तामाङ, वीरबहादुर लोप्चनको अध्यक्षतामा वडा कमिटी गठन गरेको छ ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |